जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ४ | अंक १०६ | २०८१ साल मंसिर १६ गते आईतवार | Sunday-01-December-2024 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## गढीमाई मेलामा सुरक्षा ब्यवस्थामा कुनै कसर बाकी रहदैन : गृह मन्त्री लेखी

*बारा, १५ मंसिर*

मधेश प्रदेशको गृह सञ्चार तथा कानुन मन्त्री राज कुमार लेखिले विश्व प्रसिद्ध गढीमाई मेलाको अवलोकन तथा निरीक्षण गरेका हुन । शनिवार बाराको बरियारपुर पुगेर मन्त्रालयका टोलि सहित मेलाको अवलोकन तथा निरिक्षण गरिएको छ ।

गढीमाई मेलाको अवलोकन तथा निरीक्षण पछि महागढीमाई नगरपालिकामा आयोजित छलफल कार्यक्रममा प्रदेशका गृह सञ्चार तथा कानुन मन्त्री लेखिले मधेश एकै महिनामा २ वटा ठूलो मेला लाग्ने भएकोले सुरक्षामा कुनै किसिमको कसर बाकी नरहने गरि गृह मन्त्रालयले काम गरिरहेको बताए ।

हरेक पाँच पाँच बर्षमा लाग्ने गढीमाई मेलामा दर्शनार्थीहरुको धेरै भिड हुने गरेकोले सुरक्षा ब्यवस्थापनमा कुनै कसर बाकी नरहने मन्त्री लेखिले बताए । बिवाह पन्चमीको अवसरमा जनकपुरमा समेत ठूलो मेला लाग्ने




भएकोले अहिले प्रदेश सरकारको ध्यान जनकपुर र बरियारपुरमा लाग्ने गढीमाई मेलामा केन्द्रित रहेको समेत मन्त्री लेखिले बताए ।

गढीमाई धार्मिक र पर्यटकीय हिसाबले पनि एउटा ठूलो अस्था बोकेको मन्दिर रहेकोले यसको संरक्षणमा केन्द्र सरकार र प्रदेश सरकारको ध्यान अहिले केन्द्रित रहेको मन्त्री लेखिले छलफलको क्रममा बताए । मंसिर ०१ गते देखि सुरु भएको विश्व प्रसिद्ध गढीमाई मेला भब्य र सभ्य बनाउनको लागि महागढीमाई नगरपालिकाको नगरप्रमुख लगाएतको टोलि दिनरात एक गरेर मेलाको व्यवस्थापनमा कुनै कसर बाकी नरहने काम गर्नु नै मेलाको ठूलो सफलता रहेको समेत मन्त्री लेखिले बताए । मन्त्री राजकुमार लेखिले गढीमाई मेलाको व्यवस्थापन के कसो भईरहेको छ यहाँ ठप्प के आवश्यक छ भन्ने बिषयमा नगरप्रमुख यादव संग जानकारी समेत लिएको छ ।

## राष्ट्रिय कृषि कम्पनिद्वारा कलैयामा अन्तक्रिया सम्पन्न : अभियान प्रभावकारी हुदै गएको दावी

*बारा , १५ मंसिर*

कृषिमा लगानी : अबको प्राथमिकता" भन्ने प्रस्तावित सहित राष्ट्रिएकय कृषि कम्पनि नेपाल लिमिटेडले बाराको सदरमुकाम कलैयामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

उक्त अन्तर्क्रिया कार्यक्रममा कृषि क्षेत्रको रुपान्तरणका लागी आवश्यक पहलहरु , सम्भावित लगानीको अवसरहरु र यस क्षेत्रमा विकास गर्न सकिने कार्य योजनाको बारेमा छलफल भएको छ ।

यो अन्तर्क्रियाले कृषक सशक्तीकरण र कृषि व्यवसायको विकासमा महत्वपूर्ण योगदान पुग्ने आयोजक संस्था राष्ट्रिय कृषि नेपाल लिमिटेडले बिश्वास लिएको छ ।

अन्तरिलया कार्यक्रम पश्चात विश्वास एफएमसंग कुरा गर्दै राष्ट्रिय कृषि कम्पनि नेपाल लिमिटेडका फाउण्डर विशाल उपाध्यायले आफुहरु



अहिलेसम्म १० वटा स्थानमा अन्तर्क्रिया गरिसकेको बताउनुभयो । उहाँले १० स्थानमा गरिएको कार्यक्रम अत्यन्त प्रभावकारी भएको बताउनुभयो । ६० जनाबाट सुरु गरिएको यो कम्पनीमा अहिले करिब ५ सय जना आबद्ध भएका उपाध्यायले जनाउनुभयो ।

देशको राजधानी काठमाण्डौसहित विभिन्न १० स्थानमा गरिएको अन्तर्क्रिया कार्यक्रमको एउटै उद्येश्य कृषिमा क्रान्ति ल्याउने रहेको फाउण्डर उपाध्यायको जिकिर छ ।

आजको दिनमा आफ्ना संस्थाको कुल नेटवर्थ १५ लाख रहेको र विभिन्न व्यक्ति तथा लगानीकर्ताहरुले सेयर कारोबार गरिरहेको फाउण्डर उपाध्यायले बताउनुभयो ।

### जनहितमा जारी सन्देश

- लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार
- लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनतः दण्डनीय छ ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं ।

स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

सखुवा प्रसौनी गाउँपालिका परिवार
मधेश प्रदेश, पर्सा

आदर्श कोतवाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा,युवा तथा खेलकुद शाखा)

पत्र संख्या: २०८१/०८२
चलानी नं.:

महेन्द्र आदर्श, बारा
मधेश प्रदेश, नेपाल

विषय: गा.पा.करार शिक्षक आवश्यकता सम्बन्धी संशोधित सुचना।

प्रस्तुत विषयमा गाउँ शिक्षा समितिको मिति २०८१/०७/२८ गतेको निर्णयअनुसार यस गाउँपालिका अन्तर्गत सामुदायिक विधालयका लागि शिक्षक/कर्मचारी आवश्यकता परेकोले सुचना २०८१/०८/०६ गते शुभ आरम्भ राष्ट्रिय दैनिकमा प्रकाशन भएकोमा केही संशोधन गर्नुपर्ने भएकोले पुनः संशोधित सुचना प्रकाशन गरिएको छ।साथै तपशील बमोजिम योग्यता पुगेका नागरिकले निवेदन पेश गर्नु हुन अनुरोध छ।

तपशील

| क्र.स. | वि.न. | पद | तह | किसिम | आवश्यक योग्यता/अनुभव | विषय | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०३/२०८१/०८२ | शिक्षक | मा.वि. | करार | सम्बन्धित विषयमा स्नातक वा सो सरह | गणित | १ | |
| २ | ०४/२०८१/०८२ | शिक्षक | मा.वि | करार | . सम्बन्धित विषयमा स्नातक वा सो सरह | विज्ञान | १ | |
| ३ | ०५/२०८१/०८२ | शिक्षक | मा.वि | करार | सम्बन्धित विषयमा स्नातक वा सो सरह | नेपाली | १ | |
| ४ | ०६/०८१/०८२ | शिक्षक | नि.मा.वि. | करार | सम्बन्धित विषयमा +२ वा प्रवीणता प्रमाण पत्र तह उतीर्ण | विज्ञान | १ | |
| ५ | ०७/०८१/०८२ | शिक्षक | नि.मा.वि. | करार | सम्बन्धित विषयमा +२ वा प्रवीणता प्रमाण पत्र तह उतीर्ण | गणित | १ | |
| ६ | ०८/०८१/०८२ | शिक्षक | नि.मा.वि | करार | सम्बन्धित विषयमा +२ वा प्रवीणता प्रमाण पत्र तह उतीर्ण वा कम्प्युटर विषय लिइ डिप्लोमा गरेको | कम्प्युटर | १ | |
| ७ | ०९/०८१/०८२ | शिक्षक | प्रा.वि. | करार | सम्बन्धित विषयमा +२ वा प्रवीणता प्रमाण पत्र तह उतीर्ण | | ४ | |
| ८ | १०/०८१/०८२ | वालविकाश | | करार | SLC वा SEE परीक्षा उतीर्ण गरेको | | ५ | |
| ९ | ११/०८१/०८२ | वि.का.स. | | करार | कक्षा ८ परीक्षा उतीर्ण गरेको | | १ | |

आवश्यक सर्तहरु

१.उमेरः १८ वर्ष पुरा भइ ४० वर्ष ननाधेको।
२.निवेदन दिने स्थानः आदर्श कोतवाल गा.पा.को शिक्षा युवा तथा खेलकुद शाखा।
३.परीक्षाको किसिमः लिखित तथा अन्तर्वार्ता
४.तलब भताः कार्यालयको निर्णयानुसार
५.आवश्यक कागजातः नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी/शैक्षिक योय्यताको प्रतिलिपी र अध्यापन अनुमतिपत्रको प्रतिलिपी
६.दरखास्तको अन्तिम मितिः २०८१/०८/२१
७.सम्पर्क मितिः २०८१/०८/२३ सम्पर्क न.९८५५०४९३६८
८.परीक्षा दस्तुरः मा.वि.१५०० नि.मा.वि.१२०० प्रा.वि.१००० बालविकाश ७०० र विधालय-का.स.५००

महेश कुमार मिश्र
प्रमुख प्रशासकीय अधिकृत

फोन : ०५३ - ६२००१२, ६२००१३, ६२००१४ | वेबसाइट : www.aadarshakotwalmun.gov.np | ईमेल : aadarshakotwalmun@gmail.com

"म्फा सुन्दर हराभरा अपन आदर्श कोतवाल गाउँपालिका बनाई"

## रक्तदान तथा नि:शुल्क स्वास्थ्य परिक्षण कार्यक्रम कटहरियामा सम्पन्न

*पवन प्रसाद साह*
*मंसिर ,१५ ,वीरगंज*




नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल वीरगंजको आयोजनामा शुक्रबार रक्तदान तथा नि:शुल्क स्वास्थ्य परिक्षण कार्यक्रम कटहरियामा कार्यक्रम सम्पन्न भएको छ ।

रौतहट कटहरिया नगरपालिका वाड नम्बर ४ मधेश प्रदेश विवाहो परिसर मै भएको कार्यक्रममा १४२ जनाले रक्तदान गरेको छ भने नि:शुल्क स्वास्थ परिक्षणमा १८२ जनाले स्वास लाभ लिएका थिए ।

कटहरिया नगरपालिका वाड नम्बर ४ का वडा अध्यक्ष चन्दन कुमार कुशवाहाको अध्यक्षतामा भएको कार्यक्रममा नेशनल मेडिकल कलेज शिक्षण अस्पताल मेडिसिन विभागका डा.आलोक सिंह , बाल रोग विभागका डा.मनोज कुमार गुप्ता , छाला रोग विभागका डा. स्वाती शाह सहभागितामा स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

अब नियमित मधेस प्रदेशको हरेक जिल्ला हरेक पालिकामा नि:शुल्क शिविरको आयोजना गर्ने कलेजका प्रबन्ध निर्देशक शहनवाज अन्सारीले जानकारी दिनुभएको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सिम्रौनगढ नगरपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय.............

# सङ्गठित अपराधको बढ्दो रुप

देशमा सङ्गठित अपराधको जालो यसरी वृद्धि भैरहेको छ कि जसले राज्यअन्तर्गतका प्रत्येक निकायहरुमा त्यसले आफ्नो बर्चस्वमात्रै देखाइरहेको छैन, अझै तिनको असरस्वरुप अपेक्षित कामै हुनै नसक्ने स्थितिसमेत निर्माण भैरहेको छ। माथिदेखि नै तलसम्मका राज्यअन्तर्गतका निकायहरु त्यसको प्रभावबाट बच्न नसक्दा प्रभावस्वरुप राज्यको नीति निर्माण प्रक्रियामै सक्दो अवरोध आइरहेको छ । जसका कारण सरकारले गर्नुपर्ने निर्णयहरुमा समेत त्यसको हस्तक्षेप बढ्दै गएको देख्न सकिन्छ। प्रहरी प्रधान कार्यालयले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कलाई हेर्दा विगत पाँच वर्षको अवधिमा सङ्गठितरुपमा हुने वा गरिने अपराधजन्य घटना वा क्रियाकलापहरुमा पाँच गुणाले बढोत्तरी भएको छ, जुन गम्भीर अवस्थाको द्योतक हो । परम्परागत तरिकाले हुने अपराधभन्दा प्रविधिको विकासलाई माध्यम बनाउँदै प्रयोग गरेर हुने अपराधहरु प्रकृति र प्रवृत्तिमा जटिलमात्रै नभई डरलाग्दासमेत देखिएका छन् । हाल आर्थिक अपराधजन्य क्रियाकलाप शक्तिशालीरुपमा घटित भैरहेको छ भने साइबर क्राइमका घटनाहरुमा समेत थप वृद्धि हुँदै गएको पाइएको छ । माध्यम जुनसुकै बनाए पनि त्यसलाई प्रयोग गर्नेहरु सङ्गठितरुपमा रहेका गिरोहहरु नै हुन् । अझ मूल समस्या त कहाँनेर छ भने त्यस्ता गिरोहहरुलाई प्रयोग गरेर समाजमा प्रभाव बढाउन खोज्ने गन्यमान्य व्यक्तिहरुको संलग्नतासमेत पछिल्ला केही वर्षयता प्रत्यक्षरुपमै देखिँदै आएको छ। जसको पछिल्लो उदाहरण सहकारी ठगी काण्डलाई नै लिन सकिन्छ । त्यसमा रास्वपाका सभापति रवि लामिछानेदेखि पूर्वप्रहरी नायब महानिरीक्षक छविलाल जोशी, कुमार रम्तेल, ढोरपाटन नगरपालिकाका प्रमुख देवकुमार नेपाली, सांसद् गीता बस्नेतलगायतमाथि अहिले प्रहरीले अनुसन्धान गरिरहेको छ। त्यसरी नै नक्कली भुटानी शरणार्थी प्रकरणसमेत सङ्गठित अपराधकै अर्को उदाहरण हो, जसका कारण पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीदेखि पूर्वगृहसचिव टेकनारायण पाण्डेसम्मले हाल कारागारकै बास बस्नु परेको छ । सङ्गठित गिरोहकै जालमा परेर कयौं नेपालीहरु विदेश जाने लोभमा फसेर अलपत्र परेका कयौं उदाहरणहरु छन् । यी र यस्ता केही सङ्गठित अपराधमा अनुसन्धानको प्रक्रियाले काम गरेको देखिए पनि त्यो अझै बृहत् तरिकाले हुन भने सकिरहेको छैन । सङ्गठित अपराधलाई कम गर्नुपर्ने भूमिकामा प्रहरीको भूमिका उदाहरणीय रहँदारहँदै पनि कतिपय अवस्थामा अपेक्षित अनुसन्धानले दिने निष्कर्षसमेत अन्यथा भएर आएको देखिन्छ । त्यस अर्थमा पनि भन्न सकिन्छ, एउटा पक्षले मात्रै बढाएको अनुसन्धान पर्याप्त हुन नसक्ने स्पष्टै छ। त्यसरी नै सङ्गठितरुपमा हुने अपराधलाई परास्त गर्न प्रविधि र दक्ष जनशक्तिको अभावसमेत हाल खड्किँदै आएको विषय बनेको छ । उपलब्ध स्रोतसाधनकै बलमा पनि प्रभावकारी अनुसन्धानलाई अघि बढाउन सकिने अवस्था रहे पनि विभिन्न खालका हस्तक्षेपका कारण त्यो प्रक्रियामै अवरोध आइरहेको पनि छ । देशमा सङ्गठित अपराध यसरी दिनानुदिन फैलिँदै जानुमा मूलतः भ्रष्टाचारकै प्रमुख हात रहेको छ, त्यसलाई कम नगरी उल्लेख्य उपलब्धि हासिल हुने कुरामा सन्देह छैन । कानुनी छिद्रहरुको बलमा भ्रष्टाचारजन्य अपराधहरु विस्तार भैरहेको हुँदा यतिबेला कडा कानुनको आवश्यकतासँगै राज्यले निर्धारण गर्ने नीतिगत अवस्थालाई समेत मजबुत पार्नुपर्ने देखिन्छ । सङ्गठित अपराधलाई नियन्त्रण र न्यूनीकरण गर्ने सवालमा राज्य यसरी नै चुक्दै जाने हो भने भोलि त्यसको पकड थप मजबुत हुन सक्ने हुँदा त्यतिबेला केवल निरीह रहेर मूकदर्शक हुन बाध्य अवस्था सिर्जना हुने हुनाले बेलैमा सरकार त्यसलाई लिएर कडारुपमा प्रस्तुत हुनुपर्ने आवश्यकता छ ।

# कांग्रेसका नौ लाख सदस्यको सरोकार : समयमै महाधिवेशन



*डा. शोभाकर पराजुली*

कांग्रेसका नौ लाख क्रियाशील सदस्य, भ्रातृ एवं शुभेच्छुक संघ-संस्था, सबै लोकतन्त्रप्रेमी, मौन मतदाता लगायतले आजैदेखि समयमै महाधिवेशनका लागि पहल थालौं । जो जहाँ छौं, त्यहाँबाट पार्टीका नेतालाई सोधौं- महाधिवेशन कहिले हुन्छ ?

लोकतन्त्रको बहाव कहिल्यै निभ्न नदिएको नेपाली कांग्रेस नेपाली राजनीतिक इतिहासको एउटा सिङ्गो किताब हो। देशको राजनीति, शासन व्यवस्था, राष्ट्रियता र प्रजातन्त्र विरुद्ध कहिल्यै कुनै सम्झौता नगरेको कांग्रेसका आफ्नै ऐतिहासिक मूल्य, मान्यता, विधि र विधान छन् । जहाँ देशको सिङ्गो इतिहास र लोकअधिकारका जीवन्त धरोहरहरू गाँसिएका छन् ।

भारतको बनारसमा १५ कात्तिक २००३ मा भएको एउटा भेलामा सिर्जित 'नेपाली राष्ट्रिय कांग्रेस'कै जगमा आजको नेपाली कांग्रेस जिउँदो-जाग्दो छ। बीपी कोइराला, कृष्णप्रसाद भट्टराई, बालचन्द्र शर्मा लगायत नेताहरूले जन्माएको यो संगठन त्यही वर्षको माघ १२ र १३ गते कलकत्ताको भवानीपुरमा 'नेपाली राष्ट्रिय कांग्रेस'का रूपमा स्थापित भयो ।

त्यसैलाई पार्टीको पहिलो महाधिवेशन मानिन्छ। त्यसको तीन वर्षपछि नेपाल प्रजातान्त्रिक कांग्रेससँगको एकीकरणपछि एक्लो 'नेपाली कांग्रेस' बन्यो । जसले नेपालको प्रजातान्त्रिक लडाईंमा निकै संघर्ष र गौरवपूर्ण इतिहासका पानाहरू भऱ्यो ।

नेपाली कांग्रेस फेरि एकपटक महाधिवेशनको चरणमा छ। समयको सही-सलामती भइरहे अनि नेतृत्वको इच्छाशक्ति नबदलिए आगामी वर्ष नेपाली कांग्रेस फेरि १५औं महाधिवेशनमा होमिनेछ। यद्यपि हरेक चार वर्षमा हुनै पर्ने महाधिवेशनको सँघारमा यो वा त्यो बहानामा लम्ब्याउने वा छेक्ने कामहरू यसअघि नभएका होइनन् ।

महाधिवेशनको सँघारमा पार्टीभित्र वा भनौं नेतृत्वभित्र हुने यसखालका ध्रुवीकरणहरूले महाधिवेशन लम्बिने अवस्थाहरू यसअघि पनि नेपाली कांग्रेसले झेल्दै आएको छ । तर पार्टीको विधानले स्पष्ट पारिसकेका कतिपय विधिविधानलाई भने यसपालि मिचिनुहुन्न भन्ने अपेक्षा कांग्रेसका लाखौं सदस्यको छ ।

केन्द्रीय महाधिवेशनबारे विधानमा यस्ता व्यवस्था छन् :

- पार्टीको केन्द्रीय महाधिवेशन केन्द्रीय कार्यसमितिले तोकेको मिति र स्थानमा प्रत्येक चार वर्षमा हुनेछ ।
- केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका ४० प्रतिशत सदस्यहरूले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्र समक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्नेछ।
- केन्द्रीय महाधिवेशनको एक महिना अगाडि केन्द्रीय महाधिवेशनका प्रतिनिधिले आ-आफ्नो जिल्ला मार्फत केन्द्रीय महाधिवेशनमा प्रस्तुत गरिने प्रस्ताव केन्द्रमा बुझाउनुपर्नेछ।
- केन्द्रीय महाधिवेशनको सम्पूर्ण सदस्य संख्याको कम्तीमा १० प्रतिशत सदस्यले केन्द्रीय कार्यसमितिको कुनै पनि निर्णय पुनरावलोकन गर्न केन्द्रीय महाधिवेशन भन्दा एक महिना पहिले नै केन्द्रीय कार्यालय मार्फत केन्द्रीय महाधिवेशनमा प्रस्ताव प्रस्तुत गर्न सक्नेछन्। त्यसरी प्रस्तुत हुने प्रस्तावमा छलफल गरी निर्णय गरिनेछ ।
- महाधिवेशनबाट पार्टीको केन्द्रीय कार्यसमितिको निर्वाचन गर्ने व्यवस्था गर्न र नीतिनिर्माण तथा विधान पारित गर्न फरक-फरक समयमा महाधिवेशन गर्न सकिनेछ । सोका लागि पार्टी केन्द्रीय कार्यसमितिले आवश्यक निर्णय गर्नेछ ।

यसरी विधानले प्रस्ट रूपमै भनेको छ कि नेपाली कांग्रेसको महाधिवेशन पार्टीको सर्वोच्च निकाय हो । हरेक लोकतान्त्रिक पार्टीको सर्वोच्च निकाय विधिसम्मत तोकिएको तिथिमितिमै आम कार्यकर्ताबाट 'अडिट' हुन जरूरी छ ।

यसबाट पार्टीमा नयाँ रक्तसञ्चार हुन्छ भने कार्यकर्तामा स्फूर्ति ताजगी हुन्छ । त्यसैले एउटा लोकतान्त्रिक पार्टीमा महाधिवेशन भनेको एउटा त्यस्तो सञ्जीवनी हो जसले सिङ्गो पार्टीको आन्तरिक जीवनलाई जीवन्त बनाउँछ । तर महाधिवेशन आउनुअघि नै नेपाली कांग्रेसले गर्नैपर्ने केही कामहरूको अझै थालनी भएकै छैन । केही सुरुवात भएका छन् तथापि सकिएका छैनन् । धेरै काम बाँकी छन् । पार्टी नेतृत्वले पदाधिकारीहरूलाई त्यही अनुसार जिम्मेवारी दिएको छ। त्यही अनुसार कार्यभारहरू बाँडफाँट भएका छन् ।

तदनुरुप कामहरू यथा समयमै भए महाधिवेशन सार्नुपर्ने वा धकेल्नुपर्ने अरू कुनै कारण बाँकी रहँदैनन् । राष्ट्रिय संकट वा कुनै अन्तर्राष्ट्रिय बाधा-व्यवधानहरू आएनन् भने पार्टीको आन्तरिक कारणले मात्रै महाधिवेशनलाई एकै दिन मात्रै सार्न खोजियो भने त्यसको परिणाम पक्कै पनि राम्रो हुने छैन ।

त्यसैले जिम्मेवारी पाएका अनि कार्यक्षेत्र र कार्यभार तोकिएका पदाधिकारीहरूले रातदिन नभनेर ती जिम्मेवारीहरू पूरा गर्न लाग्नुपर्छ। यसका लागि सबैभन्दा ठूलो जिम्मेवारी भनेको त महामन्त्रीहरूको हुन्छ।

संरचनागत र विधानले कार्यभार प्रस्ट पारे अनुसार संगठनहरू सम्हाल्ने जिम्मेवारी भनेको महामन्त्रीहरूको हो । त्यस कामका लागि आवश्यकता अनुसार सहयोग गर्नु सहमहामन्त्रीहरूको कर्तव्य हो । र, केन्द्रीय सदस्यहरू पनि जिम्मेवारीबाट पन्छिन मिल्दैन ।

राज्य वा शासनव्यवस्था र अवस्थाप्रति यसरी निरन्तर नागरिक आक्रोश बढ्दै जानु वा नैराश्यता फैलिनु भनेको अन्ततः लोकतन्त्रमाथि बादल मडारिनु हो । आफ्नो नीति वा सिद्धान्त मात्रै होइन, जिम्मेवारीका हिसाबले पनि नेपाली कांग्रेस देशको प्रमुख दल हो। हरेक महाधिवेशनका बेला वा अरू समयमा पनि नेपाली कांग्रेसभित्र सबैभन्दा धेरै बल्झिने समस्या भनेको क्रियाशील सदस्यता हो । क्रियाशील सदस्यता प्राप्त गर्ने वा त्यसको वितरणका सबै कार्यविधि विधानले नै प्रस्ट पारिसकेको छ । अनि कार्यसमितिले त्यसको छिनोफानो गर्ने जिम्मेवारी र अधिकार पनि महामन्त्रीहरूलाई दिएको छ।

यस्तो अवस्थामा टोल-टोलमा सक्रिय सदस्यता वितरणका लागि खटिएका वा जिम्मेवारी पाएका प्रतिनिधिहरूको प्रगति बुझ्ने र बाधाअड्काउ फुकाउनका लागि सहजीकरण गर्ने प्रमुख जिम्मेवारी विधान अनुसार महामन्त्रीहरूकै हो।

त्यसका लागि महामन्त्रीहरू यतिबेला हरेक दिनजसो पार्टी कार्यालयमा नियमित बस्ने र देशभरिका गतिविधिहरूको बारेमा जानकारी लिने काममा खटिनुपर्छ। आवश्यक परेका बखत समस्या परेका स्थानहरूमा खटिने बाहेक संगठन सुदृढीकरणको सम्पूर्ण जिम्मेवारी महामन्त्रीहरूलाई नै हुन्छ ।

यस कारण पार्टी सभापति वा नेतृत्व भन्दा पनि पदीय हिसाबले महाधिवेशनलाई समयमै सम्पन्न गर्ने वा त्यसलाई धकेल्ने भन्नेबारे पार्टीको निक्योल पनि महामन्त्रीहरूकै कार्यक्षमता र उनीहरूले सम्हालेको जिम्मेवारी कति पूरा गरे वा गरेनन् भन्नेमा निर्भर रहन्छ ।

लोकतन्त्रका आ-आफ्नै चक्र हुन्छन् । आ-आफ्नै विधिविधान र मूल्य अनि मान्यताहरू हुन्छन् । त्यसका बेग्लै सिद्धान्त हुन्छन् र त्यसलाई अपनाउने आ-आफ्नै तौरतरिका हुन्छन्। नेपाली कांग्रेसको मूल मर्म भनेकै लोकतन्त्र हो । प्रजातन्त्रको लडाईंले जन्माएको एउटा ऐतिहासिक पार्टी अनि प्रजातन्त्रकै वैश्विक सिद्धान्तलाई आत्मसात् गरेको नेपाली कांग्रेसको आन्तरिक लोकतन्त्र भने लगातार बिरामी झैं हुन थालेको छ।

देशको शासनपद्धति वा राज्य सिद्धान्तमा अपनाइने प्राविधिक लोकतन्त्र बाहेक नेपाली कांग्रेसभित्र आफ्नै मौलिक लोकतन्त्र छ। त्यसको मर्मलाई सदैव पुनर्ताजगी गर्न कांग्रेसभित्रको आन्तरिक लोकतन्त्रलाई पूर्ण चलायमान बनाउन आवश्यक छ । त्यसैलाई जीवन्त लोकतन्त्र भनिन्छ । यो जीवन्त लोकतन्त्रको अभ्यासका निम्ति महाधिवेशनको नियमिततालाई त्यसको अनुशासनलाई अझ तेजिलो बनाउँछ। नेपाली कांग्रेसले पनि आफ्नो विधान अनि नीति, कार्यक्रम र नियमावली मार्फत त्यसको मौलिक अभ्यास गर्दै आएको छ । त्यही अभ्यासको एउटा सर्वोच्चतम विन्दु भनेको महाधिवेशन नै हो । १५औं महाधिवेशन पनि विधानकै मर्मअनुसार २०८२ साल मंसिरमा हुनैपर्छ भन्नेमा आम कार्यकर्ताको दुईमत छैन ।

१४औं महाधिवेशन लगत्तै देशमा आम चुनाव भयो । हरेक सार्वभौम राष्ट्रको जीवनमा जसरी आम निर्वाचन लोकतन्त्रको सबैभन्दा सर्वोच्च अभ्यास हुन्छ एउटा लोकतान्त्रिक पार्टीको जीवनमा पनि महाधिवेशनको महत्व उत्तिकै रहन्छ । तथापि अहिलेसम्म नेपाली कांग्रेसको ध्यान पनि यही आम निर्वाचनमा केन्द्रित भएको छ भन्दा अत्युक्ति नहोला ।

यद्यपि एउटा सार्वभौम लोकतान्त्रिक राष्ट्रमा आम निर्वाचन पार्टीका लागि कति महत्वपूर्ण हुन्छ भन्ने कुरा स्पष्ट नै छ । तथापि पार्टीको आन्तरिक लोकतन्त्रलाई बचाइराख्न पार्टीको महाधिवेशन पनि उत्तिकै जरूरी छ ।

आम चुनावपछि देखिएका राजनीतिक परिस्थितिहरूले आम नागरिकमा अहिले नैराश्य, वैराग्य अनि आक्रोश बढिरहेको छ ।

राज्य वा शासनव्यवस्था र अवस्थाप्रति यसरी निरन्तर नागरिक आक्रोश बढ्दै जानु वा नैराश्यता फैलिनु भनेको अन्ततः लोकतन्त्रमाथि बादल मडारिनु हो । आफ्नो नीति वा सिद्धान्त मात्रै होइन, जिम्मेवारीका हिसाबले पनि नेपाली कांग्रेस देशको प्रमुख दल हो। अरू पार्टीहरूले के गरे वा के गर्लान् भन्नुभन्दा पनि देशको एउटा ऐतिहासिक पार्टी भएका नाताले राष्ट्रका निम्ति अघि बढ्ने हिम्मत गर्नु नेपाली कांग्रेसको आफ्नो मौलिक पहिचान पनि हो।

किनकि देशका हरेक ऐतिहासिक कालखण्डहरूमा वा परिवर्तनका हरेक निर्णायक मोडहरूमा नेपाली कांग्रेसले नै देशलाई सम्हाल्दै आएको इतिहास छ। यी सब निराशाहरूलाई चिर्न पनि नेपाली कांग्रेसको पुनर्ताजगी चाहिन्छ र त्यसकै लागि पनि महाधिवेशन समयमै हुन जरूरी छ ।

यस्तो अवस्थामा कांग्रेसको आन्तरिक सुव्यवस्था सुदृढ हुन निकै जरूरी छ। र त्यसका लागि समयमै महाधिवेशन हुन अझ जरूरी छ । सबैतिरबाट काँध थापिरहेका पार्टीलाई हरेक भ्रातृ संगठन, विभाग वा थुप्रै शुभेच्छुक संघ-संगठनको पुनर्ताजगी अनि पुनर्निर्माणले पार्टीलाई मजबुत र अझ जागरुक बनाउँछ। समयमै महाधिवेशन सकेर फेरि लगत्तै आम चुनावमा होमिनु त छँदैछ ।

कांग्रेसको महाधिवेशन समयमै भयो भने त्यसपछिको निर्वाचन परिणाममा पनि महाधिवेशनका सकारात्मक प्रभावले काम गर्न सक्छ। अहिलेको परिस्थितिलाई नियाल्दा महाधिवेशन सारिहाल्नुपर्ने वा अलि पछि धकेल्ने भनेको बहाना मात्रै हुनसक्छन् । नेतृत्वलाई त्यसका लागि सबैतिरबाट दबाव दिन जरूरी छ ।

नेपाली कांग्रेसका नौ लाख क्रियाशील सदस्य, भ्रातृ एवं शुभेच्छुक संघ-संस्था, सबै लोकतन्त्रप्रेमी, मौन मतदाता लगायतले आजैदेखि त्यसका लागि पहल थालौं । जो जहाँ छौं, पार्टीको आफ्नो नेतालाई महाधिवेशन कहिले हुन्छ ? भनेर सोधौं ।

अनि नेतृत्वलाई हरेक माध्यमबाट दबाब दिऔं । फोन गरेर सोधौं, सामाजिक सञ्जालमा सोधौं। यसबाट कार्यकर्तामा जति जोश, जाँगर र उमंग छाउँछ त्यसले नेपाली कांग्रेसलाई अझ सुदृढ, सुगठित र सुशोभित गर्नेछ । अन्ततः देश, समाज, लोकतन्त्रलाई मजबुत बनाउँछ ।


## विश्रामपुर गाउँपालिका
## विश्रामपुर, बारा

### जनहितका लागि जारी गरिएको सन्देश

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाईंसराईं, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय साशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत


।।।समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - महागढीमाई नगरपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# नेपालमा रोहिङ्ग्या मुस्लिमको चुनौती बढाउँदै , सप्तरीमा बढी उपस्थिति




*एजेन्सी*-सप्तरी जिल्लाको बोडे बर्साइन र कञ्चनरूप नगरपालिकामा केही रोहिङ्ग्या परिवारको बसोबास भएको खुलासा भएको छ । बोडे बर्साइन नगरपालिका वडा नं. ५ को जजर क्षेत्रमा पाँच रोहिङ्ग्या परिवार र कञ्चनरूप नगरपालिकाको बालुवा क्षेत्रमा तीन परिवार रहेको बताइन्छ । डाक्नेश्वरी नगरपालिकामा पनि केही रोहिङ्ग्या परिवारहरुको बसोबासको तयारी भइरहेको थियो । तर स्थानीयहरूको अवरोधले त्यस क्षेत्रमा रोहिङ्ग्या परिवारहरु आश्रित हुन सकेन । सो क्षेत्रहरूमा प्रभाव राख्ने नेकपा (एमाले) का नेताहरू अख्तर मियाँ, सुमन राज प्याखुरेल, ताराकान्त चौधरीको मौनताले रोहिङ्ग्या समुदायको सहज प्रवेशमा सहयोग पुगेको बुझिन्छ । यी नेताहरूको मौनताले प्रशासनमा कुनै ठोस कदम चाल्न नसकेको स्थानीयहरूको भनाई छ । रोहिङ्ग्या शरणार्थीहरू म्यानमारबाट उत्पीडन र हिंसाको कारण विभिन्न देशमा विस्थापित भइरहेका छन् । दक्षिण एसियामा भारत, बङ्गलादेश, र नेपालमा उनीहरूको पहुँचले सुरक्षा र सामाजिक संरचनामा चुनौती खडा गरेको छ। मधेश प्रदेशमा उनीहरूको अवैध प्रवेश र बसोबासले सीमा सुरक्षाबारे प्रश्न उठाएको छ। विशेष गरी सप्तरी जस्तो सीमावर्ती जिल्लामा रोहिङ्ग्याहरूको स्थायीत्वले नेपाल-भारत खुला सीमा व्यवस्थापनमा थप चुनौती थप्ने जोखिम छ। स्थानीय जनतालाई रोजगार र स्रोतमा असर पर्ने चिन्ता व्यक्त भइरहेको छ, तर राजनीतिक नेताहरूको मौनता र प्रशासनको कमजोरीले समस्या थप जटिल बनेको छ। यो विषयले न केवल सीमा सुरक्षा र शरणार्थी व्यवस्थापनमा नेपाल सरकारको कमजोरी देखाउँछ, तर स्थानीय राजनीतिक नेतृत्वले पनि यस संवेदनशील विषयमा ठोस कदम नचालेको प्रष्ट हुन्छ । राजनीतिक नेतृत्वले आफ्नो चासो अभिव्यक्त नगर्दा यसले भविष्यमा स्थानीय तनाव र अन्य समस्याहरू निम्त्याउन सक्छ।

सप्तरीमा बढ्दो रोहिङ्ग्या बसोबास र राजनीतिक मौनताले नेपालका सुरक्षा र सामाजिक संरचनाका लागि दीर्घकालीन चुनौती खडा गर्ने सम्भावना छ। यसबारे थप अनुसन्धान र ठोस सरकारी कदमको आवश्यकता छ । नेपालआज

# पाकिस्तानमा VPN माथि फतवा: डिजिटल स्वतन्त्रतामाथि खतरा



*काठमाण्डौं* - प्रविधिको तीव्र प्रगतिसँगै डिजिटल संसार दिन-प्रतिदिन हाम्रो जीवनको अभिन्न हिस्सा बन्दै गएको छ। इन्टरनेट अभिव्यक्तिको स्वतन्त्रता, जानकारीको पहुँच, र विश्वव्यापी सम्पर्कको प्रमुख उपकरण मानिन्छ । तर, पाकिस्तानमा सरकारद्वारा इन्टरनेटको प्रयोगमा कडा नियम लागू गर्ने प्रयासले डिजिटल स्वतन्त्रता खतरामा परेको छ ।

भर्खरै, पाकिस्तानको इस्लामिक आइडियोलोजी काउन्सिल (CII) ले भर्चुअल प्राइभेट नेटवर्क (**VPN**) को प्रयोगलाई "हराम" घोषणा गर्दै फतवा जारी गरेको छ। यो कदमले डिजिटल अधिकार र इन्टरनेट प्रयोगमा सरकारी नियन्त्रणलाई लिएर ठूलो बहस सिर्जना गरेको छ ।

**VPN** भनेको के हो ?

**VPN** एउटा यस्तो उपकरण हो जसले प्रयोगकर्ताहरूलाई आफ्ना वास्तविक **IP** ठेगाना लुकाएर सुरक्षित रूपमा इन्टरनेटमा जडान गर्न मद्दत गर्दछ। यो इन्टरनेट ट्राफिकलाई एन्क्रिप्ट गरेर प्रयोगकर्ताको गोपनीयता सुनिश्चित गर्दछ ।

पाकिस्तानमा, **VPN** ले सरकारले अवरुद्ध गरेको सामग्रीहरू पहुँच गर्नका लागि महत्वपूर्ण उपकरणको रूपमा काम गर्दै आएको छ । सामाजिक सञ्जाल, समाचार वेबसाइटहरू, वा विदेशी स्ट्रिमिङ सेवाहरू जस्ता प्लेटफर्महरूको पहुँचका लागि धेरै पाकिस्तानीहरूले खएल प्रयोग गर्ने गर्छन् ।

**CII** द्वारा जारी फतवा

**CII** ले भर्खरै जारी गरेको फतवामा **VPN**लाई "हराम" घोषणा गर्दै यसले सरकारी नियमहरूको उल्लंघन गर्ने र "इस्लाम विरोधी" सामग्रीहरू पहुँच गर्न प्रयोग भइरहेको दाबी गरिएको छ ।

फतवाका अनुसार, **VPN** ले प्रयोगकर्ताहरूलाई आफ्नो पहिचान लुकाएर साइबर अपराध, धोखाधडी, र आतंकवादजस्ता अवैध गतिविधिहरूमा सहयोग पुऱ्याउँछ । यसले राज्यको अधिकार कमजोर पार्ने र कानून लागू गर्न समस्या निम्त्याउने दाबी गरिएको छ ।

डिजिटल स्वतन्त्रतामा असर

**VPN** माथिको प्रतिबन्धले पाकिस्तानमा इन्टरनेट प्रयोगमा सरकारी नियन्त्रण थप बलियो बनाउनेछ। यसले प्रयोगकर्ताहरूलाई सेन्सर गरिएको सामग्री पहुँच गर्न कठिन बनाउँछ ।

पत्रकार, मानवअधिकारकर्मी, र कार्यकर्ताहरूका लागि खएल अनिवार्य उपकरण हो, जसले उनीहरूलाई बिना डर सूचना साझेदारी गर्न सक्षम बनाउँछ । **VPN** माथिको प्रतिबन्धले प्रेस स्वतन्त्रता र नागरिक अधिकारलाई थप कमजोर बनाउनेछ ।

खएल माथिको फतवाले पाकिस्तानको डिजिटल स्वतन्त्रता र गोपनीयतामाथि गहिरो प्रभाव पार्न सक्ने देखिएको छ । इन्टरनेट प्रयोगकर्ताहरूलाई सरकारले थप निगरानीमा राख्ने र सेन्सरशिपलाई मजबुत बनाउने यस कदमले पाकिस्तानमा डिजिटल स्वतन्त्रताको भविष्यलाई अनिश्चित बनाउनेछ ।

# टिकटक बनाउने क्रममा दुईजनाको डुबेर मुत्यु



*मंन्सिर १५ रौतहट*
टिकटक बनाउने क्रममा दुईजनाको डुबेर मुत्यु भएको छ । जिल्लाको मध्यभागमा रहेको गरुडा नगरपालिका वडा नम्बर २ गेडहिगुठीमा टिकटक बनाउन नुहाउन गएका दुई जनाको शिवनगर लमहा नदिमा डुबेर मृत्यु भएको प्रत्यक्षदर्शीले बताएका हुन् ।

प्रत्यक्षदर्शीका अनुसार स्थानिय गेडहीगुठी निवासी देवालाल साहको अन्दाजी छोरा बर्ष १७/१८ का जितेन्द्र साह र सोही वडाका उमेश साहको छोरा बर्ष १७/१८ का राजिव साह शुक्रबार दिउँसो टिकटक बनाउन नदीमा हाम फाल्दा बाहिर निस्कन नसकेको र डुबेर मृत्यु भएको बताइएको बताए। स्थानियहरुले इलका प्रहरी कार्यालय शिवनगरका सई बब्लु झा र दुधियाभार बेश क्याम्पका इन्स्पेक्टर अमरब्रामुलाई खबर गरे लगत्तै प्रहरी घटना स्थलमा पुगेको थियो । प्रहरीका अनुसार गेडही गाउँ नजिकैको लमाहा खोलामा पौडी खेल्ने क्रममा डुबेकोमा सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेस दुधियाभारबाट स.प्र.नि. अम्मर राज बरामुको कमाण्डमा डिजास्टर म्यानेजमेन्ट सामाग्री सहितको टोली र स्थानियको सहयोगमा दुबै जनाको शवलाई पानी बाट निकालेको थियो । स्थानीय पूर्व हुलाक कर्मचारी रामनारायण सहनीले प्रहरीलाई सघाएका थिए ।

**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

- विपदबाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपदबाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

**प्रसौनी गाउँपालिका**
**प्रसौनी, बारा**

# एनपीएलको पहिलो खेलमा जनकपुर बोल्ट्ससाग विराटनगर किंग्स ८ विकेटले पराजित



काठमाडौं - नेपाल प्रिमियर लिग (एनपीएल) को पहिलो खेलमा लाहिरु मिलन्थाको अर्धशतकको सहयोगमा जनकपुर बोल्ट्सले जितका साथ प्रतियोगिता सुरुवात गरेको छ ।

शनिबारबाट सुरु प्रतियोगिताको पहिलो खेलमा जनकपुरले विराटनगर किंग्सलाई ८ विकेटले पराजित गरेको हो । विराटनगरले दिएको १ सय २८ रनको लक्ष्य जनकपुरले १५.३ ओभरमा २ विकेट गुमाएर पूरा गर्यो । जनकपुका लागि लाहिरु मिलन्थाले सर्वाधिक ७५ रन बनाए । उनले ५३ बलमा ९ चौका र ३ छक्का प्रहार गरेका थिए । जनकपुरका लागि तेस्रो नम्बरमा ब्याटिङमा आएका मिलन्थाले ३९ बलमा आफ्नो अर्धशतक पूरा गरेका हुन् ।

तेस्रो विकेटका लागि हर्ष ठाकरसँग मिलेर १ सय १६ रनको नट आउट साझेदारी गरे । ठाकरले ३३ बलमा २ चौकाको सहयोगमा २९ रन बनाए । त्यसअघि जनकपुरले पहिलो ओभरमा नै ओपनर आसिफ शेखलाई पहिलो विकेट रुपमा गुमाएकोमा अर्का ओपनर तथा कप्तान अनिल शाहलाई दोस्रो ओभरमा गुमायो । दोस्रो ओभरको अन्तिम बलमा अनिल ४ बलमा ५ जोड्दै प्रतिस जिशीको बलमा बोल्ड आउट भएका थिए ।

पहिलो ओभरको चौथो बलमा अर्का ओपनर आसिफ ३ बलमा रनको खाता नै नखोलि आउट भएका थिए । आसिफलाई विराटनगरका क्रिस सोलले पहिलो ओभरको चौथो बलमा बोल्ड आउट गराएका हुन् । विराटनगरका लागि क्रिस सोल र प्रतिस जिशीले समान १ विकेट लिए ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको विराटनगरले निर्धारित १९ ओभरमा १ सय २७ रनमा समेटिएको थियो । विराटनगरका ओपनर गप्टिलले एनपिएलको इतिहासमा नै पहिलो अर्धशतक ३६ बलमा पूरा गरेका थिए । गप्टिलले ४३ बलमा ७ चौका र १ छक्काको सहयोगमा ५५ रन बनाएका थिए । गप्टिल जनकपुरका अन्तर्राष्ट्रिय खेलाडी हर्ष ठाकरको बलमा अनिल शाहबाट समातिए ।

अकिब इल्यासले १८ बलमा १५ रन जोडे । एक समय ७६ मा २ विकेट गुमाएर बलियो स्थितीमा रहेको विराटनगरले रन जोड्दा बाँकी ८ विकेट गुमाएको थियो । विराटनगरका अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

जनकपुरका लागि ललितनारायण राजवंशीले एनपिएलको आफ्नो पहिलो बलमा सहित ३ विकेट लिए । किशोर महतो र हर्ष ठाकरले समान २ विकेट लिए । बेन माइक र मोहम्मद मोहसिनले समान १ विकेट लिए ।

विराटनगरले सुरुआत भने राम्रो गर्न सकेन। किशोर महतलाई दोस्रो बलमै चौका प्रहार गर्दै आक्रामक सुरुआत गरेका लोकेश बम ६ रनभन्दा अगाडि बढ्न सकेनन् । उनलाई दोस्रो ओभरको पहिलो बलमै ललितनारायण राजवंशीले बोल्ड गरे । त्यसपछि ओमानी ब्याटर अकिब इलियासले ओपनर मार्टिन गप्टिलसँग ४७ रनको साझेदारी गर्दै विराटनगरको इनिङ्सलाई उकास्ने प्रयास गरेका थिए। तर, नवौं ओभरको दोस्रो बलमा उनी मोहम्मद मोहसिनबाट एलबिडब्ल्यु आउट भए । आउट हुनुपूर्व उनले १८ बलमा एक चौकासहित १५ रन प्रहार गरे। उनी आउट भएसँगै विराटनगरले पुन: ब्याटिङमा संघर्ष गर्न थाल्यो । क्यानडाका कप्तान निकोलस किर्टन नौ रनमा बोल्ड भए। तर, गप्टिलले इनिङ्स सम्हाल्दै ३६ बलमा अर्धशतक पूरा गरेपछि विराटनगरले बलियो स्थितिमा पुग्ने संकेत गरेका थिए ।

तर, एनपिएलको पहिलो अर्धशतक प्रहार गरेका उनी १४औं ओभरको अन्तिम बलमा लङ अनमा तैनाथ कप्तान अनिलबाट ५५ रनमा क्याच आउट भए। त्यसपछि पुन: विराटनगरले ब्याटिङमा संघर्ष गर्न थाल्यो। बसिर अहमद सात, राजेश पुलामी एक र प्रतीश दुई रनमा पेभिलियन फर्किएसँगै जनकपुर खेलमा पुनरागमन गर्न सफल भयो ।

तल्लो क्रमका कप्तान सन्दीप लामिछाने, जितेन्द्र मुखिया र क्रिस सोलले ब्याट चलाउन नसक्दा विराटनगर १९ ओभरमा १२७ रनमै अलआउट हुन पुग्यो ।

जनकपुरका ललितनारायण राजवंशीले उत्कृष्ट प्रदर्शन गर्दै सर्वाधिक तीन विकेट लिए। चार ओभर बलिङ गरेका उनले २८ रन खर्चिए । किशोर महतो र हर्ष ठाकरेको नाममा समान दुई विकेट रह्यो। यस्तै, मोहम्मद महसिन र बेन मिकेले एक विकेट आफ्नो नाममा टिपाएका थिए ।

लिगमा आईतबार कुनै खेल हुनेछैन । उप निर्वाचनका कारण आइतवार हुनै खेल नहुने हो । सोमवारबाट भने लिगमा २ खेल हुनेछन । सोमबारको पहिलो खेलमा काठमाडौं गुर्खाज र चितवन राइनोज तथा दोस्रो खेलमा जनकपुर बोल्ट्स र कर्णाली याक्सबीच खेल हुनेछ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# घरमा छानीछानी मासु खाने तर आस्थाका निम्ती मठ मन्दिरमा दिईने पशुबलीको अन्त्यका पहल गराउनु गतल : नगरप्रमुख यादव

*इन्दीप कोइराला*
*बारा, १५ मंसिर*

बाराको महागढीमाई नगरपालिकाका नगरप्रमुख उपेन्द्र प्रसाद यादवले कानुन बनाउदा सबैले अपनत्व गर्ने कानुन बनाउन आग्रह गरेका छन । शुक्रबार पर्साको बिरगञ्ज स्थित सरोवर पोर्टिको होटेलमा भएको पशु बलि निरुत्साहन गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयन सम्बन्धी समन्वयात्मक छलफल कार्यक्रमलाई सम्बेधन गर्दै नगरप्रमुख यादवले सर्वोच्च अदालतले गरेको आदेशको आफु पालना गर्ने प्रतिवदता प्रकट गरेतापनि कानुन बनाउदा सबैले अपनत्व गर्ने गरी निर्माण गर्ने सुझाब दिएका छन ।



'सरकारको गल्ती भयो या कस्को गल्ती भयो मैले बुझिन, सरकार कुखुरा, खसी, भैसी लगाएत पालनका निम्ती लगानी गर्छ आखिर यो सबै मानिसले खानका निम्तीनै प्रयोग हुन्छ होईन र? कि नेपाललाईनै साकाहारी घोषणा गर्नु पर्यो होईन भने घरमा छानीछानी मासु खाने पाईने तर आस्थाका निम्ती मठ मन्दिरमा दिईने पशुबलीको दिन नपाउने आदेशको एक जनताका रुपमा बिरोधी छु ।' नगरप्रमुख यादवले भने हामीले पहल नगरेको होईन अहिले गढीमाईमा बलीको ठाउँमा नगद चन्दा दिदा समेत भाकल पुरा हुन्छ भनेर प्रचार गरेको एक दर्शक भयो तर आस्थाका निम्ती तिथालु मान्दैनन् यसमा हामीलाई दोसी बनाएर हुन्छ ? धार्मिक स्वतन्त्रता हाम्रो नेपालको संविधानले नै सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण गर्ने परिभाषित गरेको छ तर कानुनले फेरी व्यक्तिलाई आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने अधिकारको बाट निषेधित गराउनु राम्रो होईन तर सर्वोच्च अदालत फैसला कार्यान्वयन गनुको बिकल्प हामि संग छैन ।

सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको आयोजनमा भएको पशु बलि निरुत्साहन गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयन सम्बन्धी समन्वयात्मक छलफल कार्यक्रममा बिषेश गरी गढीमाई मेलामा दिइने पशुबलीको अन्त्यको चर्चा भएको थियो ।

यता सरोकारवालाले भने गढीमाई मेलामा दिइने पशुबलीको अन्त्यका लागि सरकारी तवरबाट पहल गर्न आवश्यक धारण व्यक्त गरेका छन् । पशुकल्याण अभियन्ता, कानुन व्यवसायी, सरकारी अधिकारीहरूबिच भएको छलफलमा अधिवक्ता पदम बहादुर श्रेष्ठले पशुबलीको विकल्पमा फुलप्रसाद चढाउने, बलीलाई निरुत्साहित गर्ने कार्य गर्दा सर्वोच्च अदालतले जारी गरेको पशु कल्याणसँग सम्बन्धित परमादेश र निर्देशन कार्यान्वयन हुने बताए ।

सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक गजेन्द्र बहादुर सिंहले अदालतले दिएको फैसला सामाजिक तथा धार्मिकलाई मध्यनजर गर्दै कार्यन्वयन गर्नुपर्छ । यसलाई कार्यान्वयनका लागि सबै पक्षको भूमिका रहने उनले उल्लेख गरे । पशु कल्याण अभियन्ता स्नेह श्रेष्ठले पशु क्वारेनटाइन बलियो बनाउन आवश्यक रहेको बताइन् । योसँगै जनचेतनामूलक स्थानीय भाषाको सूचना प्रवाह गर्न उनले सुझाइन् । पशु बलीको सट्टामा रकम दिएर पनि भाकाल पूरा गर्न सकिने स्थानीय तहले निर्णय समेत गरेको उनले बताइन् । यता छलफलमा सहभागी भएका बारा तथा पर्साका सरोकारवालाले भने गढीमाई मेलामा दिइने बली सामाजिक र धार्मिकसँग जोडिएकाले पशुवस्तुमा रोक लगाउँदा द्वन्द्व सिर्जना हुने बताए । उनीहरुले यसलाई कानुनी दायराको डर त्रास भन्दा जनतामा बलीबारे सचेतना फैलाउदै क्रमश: कम गर्दै बलीको अन्त्य गर्न सुझाए । छलफल कार्यक्रममा बारा तथा पर्साका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख लगायतको उपस्थिती रहेको थियो ।

# कटहरियामा नि:शुल्क स्वास्थ्य शिविर र रक्तदान कार्यक्रम सम्पन्न

*रौतहट, १५ मँसिर*

रौतहटको कटहरिया बजारमा नि:शुल्क स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । कटहरिया ४ का अध्यक्ष चन्दन कुशवाहाको पहलमा नेशनल मेडिकल कलेज वीरगन्ज तथा ब्लड बैङ्कको सहकार्यमा नि:शुल्क स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा १३८ जनाले रक्तदान गरेको वडा अध्यक्ष कुशवाहाले जानकारी दिएका छन् ।




कार्यक्रममा १८४ बिरामीको स्वास्थ्य जाँच तथा नि:शुल्क औषधी वितरण गरिएको थियो। साथै अन्य रोगका बिरामीहरूलाई पनि डाक्टरले आवश्यक सल्लाहसहित औषधी प्रदान गरेका थिए । नेशनल मेडिकलसँगै कटहरियास्थित औषधी व्यवसायी जितेन्द्र साह, हरिश्चन्द्र कुशवाहा, राजु कुमार भास्कर, केपी यादव, सोनेलाल गुप्ता, उमेश यादव, सागिर अहमद र कृष्णनन्दन कुमार साह लगायतले नि:शुल्क औषधी सहयोग गरेका थिए । रक्तदाताहरू लाई सम्मानका साथै प्रमाणपत्रसँगै गमछा ओढाएर आयोजकले कदर पत्र प्रदान गरिएको थियो । रक्तदान कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य पूर्व प्रदेश सांसद कुन्दन कुशवाहा, कटहरिया १ का वडा अध्यक्ष भूपेन्द्र महतो, ३ का अध्यक्ष श्यामकान्त यादव, ईलाका प्रहरी कार्यालय कटहरियाका प्रमुख सई मुकेशकुमार सिंह लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा नेशनल मेडिकल कलेज वीरगंजका डा.आलोककुमार सिंह, डा. निरज सापकोटा, बालरोग विशेषज्ञ मनोज गुप्ता, डा. दीपेन्द्र गुरुङ, चर्मरोग विशेषज्ञ डा. स्वाती साह, डाक्टर सौरभ सिंह, पैथोलोजिस्ट डा. सञ्जयकुमार साह, सीमान्त शर्मा पौडेल वल्ड बैंक ल्याब इन्चार्ज, कृष्ण विनय निराला संयोजक नर्सिङ प्रमुख विकास कुमार गुप्ता लगायत ३० जान डाक्टरको सहभागिता रहेको थियो ।

# चार महिनामा १४ करोडभन्दा बढीको कुखुराको चल्ला आयात

*काठमाडौं, १५ मँसिर*

चालु आर्थिक वर्षको कार्तिक मसान्तसम्म (चार महिनाको अवधि) मा विभिन्न मुलुकबाट १४ करोडभन्दा बढीको कुखुराको चल्ला आयात भएको छ । चार महिनाको अवधिमा १४ करोड ३७ लाख ५० हजार रुपैयाँको १८५ ग्राम तौलका चल्ला १ लाख ४७ हजार २३७ वटा चल्ला आयात गरिएको भन्सार विभागको तथ्याङ्कमा उल्लेख छ ।

जसमध्ये सबैभन्दा धेरै अमेरिकाबाट आयात भएको छ। अमेरिकाबाट पाँच करोड ६८ लाख १२ हजार रुपैयाँको ५६ हजार ६०८ चल्ला आयात भएको उल्लेख छ ।

दोस्रोमा स्पेनबाट दुई करोड ८३ लाख ३७ हजार रुपैयाँको १५ हजार ६८० वटा, तेस्रोमा एक करोड ९९ लाख ४९ हजार रुपैयाँको १४ हजार ७२८ वटा फ्रान्सबाट आयात भएको छ ।

यसैगरी भारतबाट एक करोड ९७ लाख ३० हजार रुपैयाँको ३६ हजार ३५८ वटा र मलेसियाबाट एक करोड ८९ लाख २२ हजार रुपैयाँको २३ हजार ८६३ वटा चल्ला आयात भएको छ ।

# राष्ट्रिय कृषि कम्पनीद्वारा कृषिमा लगानी प्रवर्द्धनका लागि छलफल कार्यक्रम सम्पन्न

*बारा , १५ मँसिर*

राष्ट्रिय कृषि कम्पनी नेपालले शनिवार कलैयामा कृषिमा लगानी गर्ने प्रस्तावित लगानीकर्ताहरूसँग छलफल कार्यक्रम सम्पन्न गरेको छ ।



कम्पनीका अध्यक्ष विशाल हुमागाईंका अनुसार यस कार्यक्रममा कृषि क्षेत्रको रुपान्तरणका लागि आवश्यक पहलहरू, सम्भावित लगानी अवसरहरू र कृषि क्षेत्रको विकास गर्न सकिने कार्य योजनाहरूबारे छलफल गरिएको थियो । कार्यक्रमको उद्देश्य कृषि क्षेत्रमा नवीन प्रविधि, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी व्यवस्थापनमार्फत उत्पादकत्व र आर्थिक लाभ वृद्धि गर्नु रहेको अध्यक्ष हुमागाइँले बताए । साथै, उनले कृषि क्षेत्रलाई व्यावसायिक बनाउँदै देशको समग्र आर्थिक वृद्धिमा योगदान पुर्याउन लगानीकर्ताहरूलाई आह्वान गरे ।

कार्यक्रममा कृषिमा रुचि राख्ने विभिन्न व्यवसायी, लगानीकर्ता, तथा सरोकारवालाहरूको उपस्थिति थियो । छलफलबाट कृषि क्षेत्रको विकास र लगानीको सम्भाव्यतामा थप स्पष्टता आउने विश्वास गरिएको छ। सँम्भार: यात्रा डेलि

# "प्रेम सबैलाई गरौं घृणा कसैलाई नगरौ" भन्ने नारा क सहित ९ औं जलसा सालाना सम्पन्न

*पवन प्रसाद साह*
*बीरगंज १५ मंसिर*

विगतको वर्ष झैं यसवर्ष पनि "प्रेम सबैलाई गरौं घृणा कसैलाई नगरौ" को मूल नाराको साथ दुई दिने सम्म ९ औं वार्षिक जलसा सालाना समारोह पर्साको विन्दवासिनी गाउँपालिका वडा नं.५ प्रसौनी भाट्टामा स्थित श्री मसरुर पब्लिक आधारभूत विद्यालयको प्राङ्गनमा अहमद संघ नेपालका अध्यक्ष मोइन अहमदको अध्यक्षतामा जलासा सालाना आज सम्पन्न भयो ।




यस समारोहमा नेपालको विभिन्न जिल्लाहरुबाट अहमदिया समाज का सदस्यहरुलगायत यो संस्थाको पदाधिकारीहरुको सहभागिता रहेको थियो । साथै इ यस क्षेत्रको पुर्व प्रदेश सभा सदस्य प्रह्लाद गिरी , पकहाँ मौनपुर गाउँपालिका का अध्यक्ष सुरेश महतो, जसपा का नेता तवरेज अहमद, धर्मगुरु सिख समाजका हरमिद सिंह,ओम शान्तिका प्रवक्ता कुवेर कुमार, कृश्चचन समाजका प्रेम प्रसाद घिमिरे वडा अध्यक्ष लगायत विभिन्न धार्मिक गुरुहरु, बुद्धिजिवीहरु र समाज सेवीहरुको पनि सहभागिता देखियो । यो समारोहमा आएका जन प्रतिनिधी र धर्मगुरुहरुले अहमदिया संघ नेपालद्वारा विगत २७ वर्षदेखि गरिरहेको मानव सेवा र समाज सेवाका कार्यहरुलाई प्रशंसा गर्नुभयो । विश्वमा शान्तिको स्थापनाको लागि अहमदिया समुदायको प्रयास प्रशंसनीय हो भनेर महम्मद नसिम खान ज्यूले भन्नुभयो । यस प्रकारको समारोह मानवता कायम गर्नको लागि यस प्रकारको कार्यक्रमको जरुरी छ भने वक्ताहरुले जोड दिएका हुन ।

यसै गरि अहमदिया संघ नेपालद्वारा पर्साको विदवासिनी गाँउपालिकामा स्थापित सार्वजनिक शैक्षिक गुट्ठी श्री मसरुर पब्लिक आधारभूत विद्दयालयद्वारा नि:शुल्क शिक्षा दिने कार्यलाई अमूल्य समाज सेवा हो भन्नेकुरो । यस समारोहमा सबै धर्मगुरुहरुले संसारमा मानवता र शान्ति कसरी स्थापित गर्ने कुरो आ-आफ्नो विचार एउटै मन्चबाट साझा गर्नुभयो ।

यस समारोहको उद्देश्य वर्षमा कमसेकम केही दिन यस्तो सुनिश्चित गर्नु थियो कि सबै धर्मसँग आबद्ध व्यक्तित्वहरु एक आपसमा बसेर सृष्टालाई सम्झोस । यो त्यस्तो सम्मेलन हो जसमा मानविय आचार संहिताको रक्षागर्ने, राष्ट्रीय एकता अखण्डता एवं धार्मिक सहिष्णुताको बारेमा चर्चा गरिन्छ र जमाअतको नारा "प्रेम सबैलाई गरौं, घृणा कसैलाई नगरौं" लाई समस्त संसारमा फैलाउनु प्रयास गरिन्छ भने श्री कमरुल होदा अन्सारी ज्यू राष्ट्रीय अध्यक्ष अहमदिया संघ नेपालले बताउनु भयो ।

अहमदिया मुस्लिम जमाअत एक विशुद्ध धार्मिक तथा अध्यात्मिक जमाअत हो जसको राजनैतिक कुनै उद्देश्य छैन । यो जमाअत यसवेला विश्वको २१६ वटा देशहरूमा विर्सीएर अलमलमा परेको मानव जातिहरूलाई अल्लाह तआलाको उपासना को साथै एक आपसमा प्रेम तथा एकतामा आबद्ध गर्ने कार्यक्रम संचालन गर्दै आएको छ । यस जमाअतलाई वर्तमानमा पाँचौं(खलीफा) आध्यात्मिक उत्तराधिकारी नेतृत्व हजरत मिर्जा मसरूर अहमद ले नेतृत्व प्रदान गरिरहनु भएको छ । धर्मको कुनै भेदभाव नगरिकन मानव जातिको सेवा गर्नु यस जमाअतको मूख्य कार्य हो । जमाअत अहमदियाले संसारमा धर्मको नाममा भइरहेको उपद्रवको तथा राजनितीको समर्थन गर्दैन । धर्मको अर्थ केवल अध्यात्मिकता तथा अल्लाह तआलाको प्रेम प्राप्त गर्नु हो । अहमदिया जमाअतले हिंसा,अन्याय र आतंकलाई समर्थन गर्दैन । कार्यक्रमको संचालन अहमदिया संघ नेपालका हासिम अहमदले गर्नु भएको थियो ।

# रौतहटमा उपनिर्वाचन : ३ वडामा सवारी साधन र आवागमनमा रोक

*रौतहट, १५ मँसिर*

जिल्ला प्रशासन कार्यालय रौतहटले उपनिर्वाचन हुने जिल्लाका ३ वटा वडाहरूमा सवारी साधनसँगै स्थानीय बाहेकलाई आवत जावतमा रोक लगाएको छ । उपनिर्वाचनको पूर्व सन्ध्यामा आज जिल्ला प्रशासन कार्यालय रौतहटले एक सूचना जारी गर्दै ती वडामा रोक लगाएको हो ।




स्थानीय तह उपनिर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित र शान्तिपूर्ण रूपमा सम्पन्न गराउन आज साँझ ७ बजेदेखि भोली बेलुकी ५ बजे मतदान नसकेसम्म अत्यावश्यक र अनुमति लिएका बाहेक सबै सवारी साधनमा रोक लगाइएको प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीद्वारा हस्ताक्षरित सूचनामा उल्लेख छ ।

जिल्ला प्रशासनले निर्वाचन हुने राजापुर नगरपालिका ६, ईशनाथ नगरपालिका ७ र गढीमाई नगरपालिका ८ भित्र बसोबास गर्ने बाहेक अन्य मानिसहरूलाई आवतजावतमा रोक लगाएको छ । साथै सूचनामा उपनिर्वाचन हुने वडा प्रवेशका सबै नाका, सडकहरूमा कडा चेकिङ र खानतलासी हुने भएको हुँदा सहयोग गर्न सबैलाई आग्रह गरिएको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - प्रसौनी गाउँपालिका, बारा